लुम्बिनी प्रदेश सरकार

# आर्थिक मामिला मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र संख्या : २०७९/०८०

चलानी नं. : ७६६

मितिः२०७९/१२/१९

विषय :- आ.व.२०८०/८१ को बजेट सीमा तथा मार्गदर्शन सम्बन्धमा ।

श्री प्रदेश सभा सचिवालय,
श्री प्रदेश लोक सेवा आयोग,
श्री प्रदेश योजना आयोग,
श्री मुख्य न्यायधिवक्ताको कार्यालय,
लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी), नेपाल।

लुम्बिनी प्रदेशको, प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १३ बमोजिम आगामी आ.व.२०८०/८१ को राजस्व र व्ययको अनुमान (बजेट) आगामी २०८०।०३।०१ गते प्रदेश सभा समक्ष पेश गर्नु पर्ने कानूनी व्यवस्था भएको अवगत नै छ। चालु आ.व.२०७९/८० मा प्रदेश सरकारको प्रक्षेपित राजस्व संकलन हुन नसकेको तथा स्रोतमा समेत चाप परिरहेको सन्दर्भमा चालु आ.व. २०७९/८० मा तहाँ मन्त्रालयको विनियोजित बजेटको ८० प्रतिशत रकमलाई बजेट सिमा मानी देहायमा उल्लेख गरिए बमोजिमका बजेट तर्जुमा सम्बन्धी मार्गदर्शनका आधारमा आ.व. २०८०/०८१ को लागि बजेट तर्जुमाको तयारी गर्नुहुन अनुरोध छ। साथै आगामी आ.व. २०८०/८१ को बजेट सीमा पछि उपलब्ध गराइने व्यहोरा समेत अनुरोध छ।

(क) बजेट तर्जुमा सम्बन्धी मार्गदर्शनः-

१. नेपालको वर्तमान संविधानले परिकल्पना गरेको राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, प्रदेश सकारको कार्यक्षेत्र, कार्यविस्तृतिकरण, यस प्रदेशको प्रथम आवधिक योजनाले निर्धारण गरेको दीर्घकालिन सोच, उद्देश्य, लक्ष्य तथा प्राथमिकताका आधारमा आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नुहुनेछ ।

२. दीगो विकासका लक्ष्य,२०३० हासिल गरी मध्यम आय भएका मुलुकमा रुपान्तरण हुने विषय, र पन्ध्रौ पञ्चवर्षीय योजनाको र यसको मध्यावधि समिक्षा, चालु आ.व.को मध्यमकालिन खर्च

सचिव

लुम्बिनी प्रदेश सरकार
# आर्थिक मामिला मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र संख्या : २०७९/०८०
चलानी नं. : ६६५

संरचना(२०७९/८०-२०८१/८२) लाई आधार मानी लक्ष्य हासिल गर्न सहयोग पुग्ने गरी आयोजना तथा कार्यक्रममा बजेट प्रस्ताव गर्नु हुनेछ।

३. प्रदेश सरकारको आ.व.२०८०/८१ को लागि पारित हुने नीति तथा कार्यक्रम, माननीय आर्थिक मामिला मन्त्रीज्यूबाट बेला बेलामा भएका नीतिगत मार्गदर्शनहरुलाई समेत ध्यान दिई बजेट प्रस्ताव गर्नु हुनेछ ।

४. वार्षिक विकास कार्यक्रम तर्जुमा सम्बन्धी मार्गदर्शन,२०८० प्रदेश योजना आयोगबाट प्राप्त हुनेछ। सो को आधारमा बजेट तथा कार्यक्रम प्रस्ताव गर्नु हुनेछ।

५. हालसम्म बजेट कार्यान्वयन गर्दाको अनुभवको आधारमा आगामी ३ वर्ष भित्रमा सम्पन्न गर्न सकिने परियोजनाहरुमा कार्यान्वयन क्षमता समेत विचार गरी बजेट प्रस्ताव गर्नु हुनेछ ।

६. बजेट प्रस्ताव गर्दा "एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४" बमोजिमको खर्च शीर्षक वर्गीकरण बमोजिम गर्नु हुनेछ ।

७. संघीय प्रणालीको श्रोत प्रवाह, संघ, प्रदेश हुदै स्थानीय तहमा जाने भएकोले संघले बजेट विनियोजन गरेकोमा दोहोरो नहुने गरी बजेट प्रस्ताव गर्नु हुनेछ । संघ, प्रदेश र स्थानीय तहको कार्यजिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाहरुको वर्गीकरण तथा बाँडफाँड सम्बन्धी मापदण्ड, २०७६ का आधारमा आयोजना तथा कार्यक्रमहरु संघीय बजेट तथा कार्यक्रमसँग दोहोरो नपर्ने गरी प्रस्ताव गर्नुहुनेछ।

८. नयाँ कार्यक्रम/आयोजना कार्यान्वयनको लागि बजेट प्रस्ताव गर्दा निम्न बमोजिमको प्रकिया तथा कागजात पूरा भएका आयोजना तथा कार्यक्रम मात्र प्रस्ताव गर्नु पर्नेछः-

क. आयोजना/कार्यक्रमको अवधारणा पत्र तयार भएको ।

ख. वातावरणीय अध्ययान IEE वा EIA स्वीकृत भएको ।

ग. जग्गा प्राप्तीको सुनिश्चितता भएको ।

घ. विस्तृत आयोजना प्रतिवेदन भएको।

ङ. सम्भाव्यता तथा पूर्व सम्भाव्यता अध्ययन भएको।

च. प्रदेश सरकारको नीति तथा कार्यक्रम र प्राथमिकतामा परेको ।

सचिव

पत्र संख्या : २०७९/०८०
चलानी नं. : ६६३

छ. प्रदेश सरकारको आर्थिक एवम् वित्तीय क्षमता र त्यस मन्त्रालयलाई उपलब्ध हुने बजेट सिलिङमा समावेश गर्न सकिने ।

ज. परियोजनाको अपेक्षित प्रतिफल र लक्षित वर्ग खुलेको ।

९. बजेट प्रस्ताव गर्दा प्रति इकाई लागत, कार्यक्रम संख्या, त्रैमासिक विभाजन समेत सम्पूर्ण विवरण खुल्ने गरी PLMBIS Entry गरेर त्यसको Hard copy समेत संलग्न गरी प्रस्ताव गर्नु हुनेछ।

१०. मातहतका निकायहरुमा बजेट तथा कार्यक्रम तर्जुमा तथा आर्थिक प्रशासनको क्षेत्रमा काम गर्ने कर्मचारीहरुलाई २०८० बैशाख मसान्तसम्ममा PLMBIS मा बजेट Entry गर्ने विषयमा तालिम प्रदान हुनेछ। आवश्यक परेमा तालिम सञ्चालनका लागि यस मन्त्रालयको सहयोग रहने छ।

११. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ को व्यवस्था बमोजिम मध्यमकालीन खर्च संरचना तयार गरी सोही बमोजिम बजेट प्रस्ताव गर्नु हुनेछ ।

१२. संघ सरकारबाट हस्तान्तरण भई आएका अनुदानका आयोजनाहरु प्राथमिकीकरण गरी ठूला आयोजना/कार्यक्रम प्रस्ताव गर्नु पर्नेछ। त्यस्ता आयोजनाहरुमा संघबाट थप रकम प्राप्त गरी आयोजना/ कार्यक्रम सम्पन्न गर्न ध्यान दिनु हुनेछ।

१३. यस मन्त्रालयबाट सहमति प्रदान गरी आगामी आ.व. २०८०/८१ को लागि दायित्व श्रृजना भई सकेका बहुवर्षीय स्रोत सुनिश्चितता प्राप्त आयोजनाहरुको लागि उपलब्ध बजेट सीमा भित्रैबाट बजेट प्रस्ताव गरेर मात्र नयाँ आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नुहुनेछ ।

१४. स्रोतको सीमितता भएको वर्तमान पारिस्थितिलाई मध्यनजर गरी स्रोतको प्रभावकारी विनियोजन गर्ने कार्यमा यस मन्त्रालयलाई सहयोग गर्नु हुनेछ ।

१५. प्रदेश सरकारको लगानी भैसकेका अधुरा आयोजनालाई आवश्यक रकम प्रस्ताव गरिसकेपछि मात्र नयाँ आयोजनालाई कार्यान्वयन अवधिको आधारमा बजेट न्यून नहुने गरी सीमित मात्र आयोजना/कार्यक्रम प्राथमिकताको आधारमा प्रस्ताव गर्नु हुनेछ ।

१६. बुँदा नं. (१५) बमोजिम आयोजना प्रस्ताव गर्दा परियोजना चक्र (Project Cycle) लाई ध्यानमा राखी कार्यान्वयनको चरणमा प्रवेश गरेका आयोजनालाई मात्र कार्यान्वयनको लागि बजेट प्रस्ताव गर्नु हुनेछ। जग्गा प्राप्ति, वातावणीय अध्ययन तथा विस्तृत परियोजना प्रस्ताव संलग्न नभई आएका आयोजना/कार्यक्रम बजेटमा समावेश गरिने छैन ।

सचिव

पत्र संख्या : २०७९/०८०
चलानी नं. : ६६८

१७. संघीय सरकारबाट प्रदेश सरकारमा चालु आ.व. २०७९/८० मा हस्तान्तरण भएका आयोजनाहरु सकभर यसै वर्ष सम्पन्न गर्ने, छाड्नु पर्ने वा निरन्तरता दिनु पर्ने भए सोको विवरण र पुष्टयाईं सहित प्रस्ताव गर्नु हुनेछ।

१८. आगामी आ.व. २०८०/८१ मा तहाँ मन्त्रालयका आयोजना तथा कार्यक्रम स्थानीय तहबाट सर्शत अनुदान अन्तर्गत कार्यान्वयन गर्नु/गराउनुपर्ने भएमा स्थानीय तह, आयोजना तथा कार्यक्रम र रकम समेत यकिन गरी प्राप्त बजेट सिमाभित्र रही यस मन्त्रालयमा प्रस्ताव पठाउनु हुनेछ।

१९. स्थानीय तहको लागत सहभागिता मा आयोजना तथा कार्यक्रम सञ्चालन गर्नुपर्ने भएमा स्थानीय तहसंगको समन्वयमा स्थानीय तहको लागत सहभागिता एकिन गरी प्रदेशले व्यहोर्ने रकमलाई बजेट सीमा भित्र राखी यस मन्त्रालयमा प्रस्ताव गर्नु हुनेछ।

२०. प्रतिवद्ध खर्चहरु (जस्तै पदाधिकारीहरुको पारिश्रमिक तथा सुविधा, तलब भत्ता, धारा बिजुली, टेलिफोन लगायतका खर्च शीर्षकहरु) मा पर्याप्त बजेट छुटयाएर मात्र अन्य खर्च शीर्षकमा बजेट प्रस्ताव गर्नु हुनेछ।

२१. बजेट तथा कार्यक्रम प्रस्ताव गर्दा प्रदेश तथा संघ सरकारबाट स्वीकृत भएको सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड परिपालना गर्नु हुनेछ ।साथै प्रदेश सरकारको आम्दानीको श्रोत सीमित भएको र प्रशासनिक खर्च, कार्यालय सञ्चालन खर्च निरन्तर बढोत्तरी हुदै गएको सन्दर्भमा आवश्यक खर्चहरु औचित्यताका आधारमा पुष्टाई सहित प्रस्ताव गर्नुहुनेछ।

२२. स्थापना भईसकेका कार्यालयहरुका लागि थप फर्निचर, मेशिनरी औजार, सवारी साधन जस्ता शीर्षकहरुमा बजेट प्रस्ताव गर्नुहुने छैन, साथै प्रस्ताव गर्नैपर्ने अवस्थामा औचित्यताका आधारमा पुष्ट्याँई सहित बजेट प्रस्ताव गर्नुहुनेछ।

२३. वित्तीय समानीकरण अनुदानको रकम अध्ययन भ्रमण, वैदेशिक भ्रमण र अन्य प्रशासनिक खर्चमा विनियोजन गर्नु हुनेछैन ।

२४. विशेष अनुदान, समपूरक अनुदान तथा शसर्त अनुदानका आयोजना तथा कार्यक्रम र बजेट नेपाल सरकारबाट विवरण प्राप्त भए पश्चात मात्र एकिन हुने भएकोले हाललाई बजेट सीमामा समावेश गरिएको छैन। तसर्थ उक्त अनुदानका आयोजना तथा कार्यक्रमहरु हाल कायम गरिएको बजेट सीमामा समावेश गर्नु हुनेछैन ।

सचिव

लुम्बिनी प्रदेश सरकार आर्थिक मामिला मन्त्रालय राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र संख्या : २०७९/०८०
चलानी नं. : ६८६

२५. स्थानीय तहमा अनुदान उपलब्ध गराई वा साझेदारीमा कार्यान्वयन गरिने आयोजना तथा कार्यक्रमहरुको विवरण र सो को लागि आवश्यक बजेट रकम प्राप्त बजेट सीमा भित्र समावेश गरी कार्यान्वयन गर्ने स्थानीय तह खुल्ने गरी छुट्टै विवरण तयार गरी स्थानीय तहको साझेदारीको अंश समेत खुल्ने गरी प्रस्ताव गर्नु हुनेछ ।

२६. संघीय सरकारका कार्यालय मार्फत कार्यान्वयन हुने गरी सकभर कार्यक्रम/बजेट प्रस्ताव गर्नु हुने छैन। अति औचित्यपूर्ण अवस्थामा संघीय निकाय मार्फत कार्यान्वयन गरिने पूँजीगततर्फका आयोजना तथा कार्यक्रमहरु प्रस्ताव गर्दा कार्यान्वयन गर्ने कार्यालय खुल्ने गरी कार्यान्वयन योग्य आयोजना/कार्यक्रमहरु प्राप्त बजेट सीमा भित्र समावेश गरी प्रस्ताव गर्नु हुनेछ।

२७. सडक, खानेपानी, सिँचाई, शिक्षा, स्वास्थ्यका आयोजना/कार्यक्रम प्रस्ताव गर्दा प्रदेशका जिल्ला स्थित सम्बन्धित कार्यालयहरुबाट स्थानीय तहहरुसँग समन्वय गरी दोहोरो नपर्ने गरी प्रस्ताव गर्नु हुनेछ।

२८. आयोजना/कार्यक्रम प्रस्ताव गर्दा संघीय सरकारका सम्बन्धित कार्यालय/निकाय र स्थानीय तहहरुसँग समेत समन्वय गरी संविधान बमोजिमको कार्यक्षेत्र, कार्यविस्तृतीकरण विवरण र प्रदेशको आवधिक योजना समेतलाई ध्यान दिई अति आवश्यक कार्य नछुट्ने र अन्य निकायसँग दोहोरो नपर्ने गरी प्रस्ताव गर्नु हुनेछ।

२९. कुनै पनि अधुरा आयोजनाको लागि आर्थिक वर्षको बीचमा बजेट थप गर्न नसकिने भएकोले सो कुरालाई विचार गरी क्रमागत र बहुवर्षिय आयोजनालाई बजेट कम नहुने गरी विनियोजन प्रस्ताव गर्नु हुनेछ।

३०. ठूला र बढी स्रोत आवश्यक पर्ने आयोजनाहरु संघीय सरकार मार्फत कार्यान्वयनमा ल्याउनु पर्ने र स-साना आयोजना/कार्यक्रम स्थानीय तहले कार्यान्वयन गर्न उपयुक्त हुने कुरालाई ध्यानमा राखी प्रत्येक क्षेत्रमा प्रदेशस्तरीय आयोजनाको आकार (Threshold) तोकी सोही आकार (Threshold) मा पर्ने आयोजना/कार्यक्रम प्रस्ताव गर्नु हुनेछ।

३१. गोष्ठी, दिवस, अन्तरक्रिया, सेमिनार, तालिम र अध्ययन जस्ता कार्यक्रमहरुमा बजेट प्रस्ताव गर्दा पर्याप्त मात्रामा औचित्यता पुष्टि नभई प्रस्ताव गर्नु हुनेछैन।

सचिव

लुम्बिनी प्रदेश सरकार आर्थिक मामिला मन्त्रालय राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र संख्या : २०७९/०८०

चलानी नं. : ६९६

३२. नेपाल सरकारमा आ.व.२०८०/८१ को लागि प्रस्ताव गरिएका समपूरक र विशेष अनुदानका आयोजनाहरुको हकमा यस मन्त्रालयसँग समन्वय गरी प्रस्ताव गर्नु हुनेछ।

३३. बजेट प्रस्ताव गर्दा आयोजनाहरुलाई कम्तीमा चार भागमा वर्गीकरण गरी (अधुरा चालु,मर्मत संभार,स्तरोन्नती र नयाँ) अधुरा आयोजनाहरुलाई प्राथमिकता दिई तोकिएको समयभित्रै सम्पन्न गर्ने गरी प्रस्ताव गर्नु हुनेछ।

३४. आयआर्जनमुखी परियोजना तथा राजस्व अभिबृद्धि सम्बन्धी कार्यक्रमलाई प्राथमिकता दिई आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नु हुनेछ।

३५. आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा विद्युतीय शासन सम्बन्धी कार्यक्रम साथै सुशासनलाई प्रभावकारी बनाउन अनुगमन तथा मुल्याङ्कन Frame work प्रस्ताव गर्नु हुनेछ।

३६. भौतिक पूर्वाधारतर्फका आयोजनाको हकमा कम्तीमा २५ लाख भन्दा घटी र उत्पादनमुखी प्रवर्द्धनात्मक कार्यक्रमको हकमा प्रति आयोजना रु. १५ लाख भन्दा घटी नहुने गरी बजेट प्रस्ताव गर्नु हुनेछ।

३७. प्रदेश गौरव तथा रणनैतिक आयोजनाहरुलाई सह लगानी तथा साझेदारी मोडलमा उत्पादनमूलक निर्यात प्रतिस्थापन, रोजगारी सृजनामा योगदान हुने गरि प्रस्ताव गर्नु हुनेछ।

३८. पुरातात्विक ऐतिहासिक महत्वका एकसय वर्षभन्दा पुरानो साँस्कृतिक सम्पदालाई मात्र बजेटमा समावेश गर्ने गरी प्रस्ताव गर्नु हुनेछ।

३९. आयोजना तथा कार्यक्रमहरु प्रस्ताव गर्दा आफ्नो कार्यान्वयन क्षमता, संयन्त्र, जनशक्ति र कार्यक्रम सम्पन्न गर्न चाहिने कार्यविधि, कानूनी प्रक्रिया जस्ता समग्र पक्षहरुको विचार गरी कार्यान्वयन गर्न सकिने र प्रतिफल दिन सक्ने आयोजना तथा कार्यक्रमहरु मात्र प्रस्ताव गर्नु हुनेछ।

४०. बहुक्षेत्रसँग सम्बन्धित मन्त्रालयहरुले मन्त्रालयभित्र महाशाखागत र अन्तर मन्त्रालयगत समन्वय गरेर योजना र कार्यक्रमहरुको बीचमा परिपूरकता कायम हुने गरी र दोहोरो नपर्ने गरी बजेट प्रस्ताव गर्नु हुनेछ।

४१. प्रष्ट रुपमा आयोजना/कार्यक्रम पहिचान नगरी रुकमुष्ठ रुपमा अवण्डा रकम राखेर पछि आयोजना तथा कार्यक्रम स्वीकृत गराउने गरी बजेट प्रस्ताव गर्नु हुने छैन।

सचिव

लुम्बिनी प्रदेश सरकार

# आर्थिक मामिला मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र संख्या : २०७९/०८०

चलानी नं. : ७६२

४२. प्रदेश सरकारमा हस्तान्तरण भई आएका रुग्ण परियोजनाहरु (sick projects) को समस्या सामाधान गर्न उक्त आयोजनाहरुको आवश्यक अध्ययन गरी निरन्तरता दिनु पर्ने आयोजनाहरुलाई बजेट प्रस्ताव गर्ने र निरन्तरता दिन आवश्यक नदेखिएका आयोजनाहरुलाई परित्याग गर्ने गरी प्रस्ताव गर्नु हुनेछ।

४३. मन्त्रालय अन्तर्गत रहने गरी गठन भएका आयोग/प्रतिष्ठान आदिको लागि आवश्यक बजेट समेत एकिन गरी प्रस्ताव गर्नु हुनेछ।

४४. परियोजना र कार्यक्रमहरु प्रस्ताव गर्दा पर्याप्त अध्ययन छलफल गरी यर्थाथपरक, कार्यान्वयन गर्न योग्य परियोजना र कार्यक्रम प्रस्ताव गर्नु हुनेछ। बजेट प्रस्ताव गर्दा पूँजीगत खर्च बढाउन र कामको गुणस्तर समेत कायम हुने गरी बजेट कार्यान्वयन कार्ययोजना सहित प्रस्ताव गर्नु हुनेछ।

४५. पिछडिएको वर्ग, समुदाय, लिङ्ग, वर्ण र लैङ्गिक समावेशिता लक्षित आयोजना तथा कार्यक्रमलाई ध्यानमा राखी बजेट प्रस्ताव गर्नु हुनेछ।

४६. विश्वव्यापी रुपमा आउन सक्ने स्वास्थ्य सम्बन्धी महामारी, जलवायु परिवर्तन, खाद्य सुरक्षा, प्राकृतिक प्रकोप तथा आर्थिक मन्दीले प्रदेशको अर्थतन्त्रमा पर्न सक्ने क्षेत्रगत नकरात्मक प्रभाव न्यूनीकरण गर्न र बढी प्रभावित क्षेत्रको पुनरोत्थान गर्नेतर्फ समेत कार्यक्रम प्रस्ताव गर्नु हुनेछ।

४७. सार्वजनिक श्रोतको प्रयोग हुने परियोजना/कार्यक्रम छनौट गर्दा आर्थिक सामाजिक र वातावरणीय प्रतिफल उच्च हुने, आर्थिक सामाजिक न्याय कायम गर्न सक्ने, भौगोलिक रुपमा क्षेत्रगत सन्तुलन कायम गर्न सघाउ पुऱ्याउने, प्रदेशको प्राथमिकताका क्षेत्रहरु कृषि, वन, उद्योग, पर्यटन, भौतिक पूर्वाधार विकास, सामाजिक विकास, वन वातावरण, सुशासनको ध्येय प्राप्त गर्न सघाउ पुऱ्याउने प्रकृतिका आयोजना र कार्यक्रमहरु प्रस्ताव गर्नु हुनेछ।

(केदारनाथ शर्मा)
सचिव

सचिव

बोधार्थ

श्रीमान् प्रमुख सचिवज्यू,
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
राप्ती उपत्यका (देउखुरी), नेपाल।